United Nations S/2008/5

Security Council
संयुक्त राष्ट्रसंघ
सुरक्षा परिषद्

Distr.: General
3 January 2008

Original: English

## नेपालले आफ्नो शान्ति प्रक्रियामा सहयोग पुऱ्याउन संयुक्त राष्ट्रसंघलाई गरेको अनुरोधका सम्बन्धमा महासचिवको प्रतिवेदन

### अ. परिचय

१. नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले संयुक्त राष्ट्रसंघलाई शान्ति प्रक्रियामा सहयोग पुऱ्याउन गरेको अनुरोध बमोजिम सुरक्षा परिषद्को प्रस्ताव १७४० (२००७) अनुसार नेपालस्थित संयुक्त राष्ट्रसंघीय मिसन (अन्मिन) को स्थापना गरिएको हो। यो प्रतिवेदन सुरक्षा परिषद्को त्यसै प्रस्ताव अनुसार प्रस्तुत गरिएको हो। नेकपा (माओवादी) तथा नेपाली सेनाका सैनिक जवान तथा हतियार व्यवस्थापनको अनुगमन गर्ने, युद्धविरामका प्रावधानहरूको अनुगमनमा सहयोग पुऱ्याउने, संविधानसभाको निर्वाचन स्वतन्त्र र निष्पक्ष ढङ्गबाट सम्पन्न गराउनका लागि प्राविधिक सहयोग एवम् निर्वाचन अनुगमनकर्ताहरूको सानो टोली उपलब्ध गराउने कार्यदिशका साथ विशेष राजनीतिक मिसनका रूपमा अन्मिनको स्थापना गरिएको थियो।

२. यस प्रतिवेदनमा मैले सुरक्षा परिषद्मा १८ अक्टोबर २००७ (२०६४ कात्तिक १) मा पेश गरेको प्रतिवेदन (एस/२००७/६१२) यता नेपालको शान्ति प्रक्रिया र अन्मिनको कार्यदिशको कार्यान्वयन बारेमा भएका प्रगतिको समीक्षा गरिएको छ।

### आ. शान्ति प्रक्रियाको प्रगति

३. यसभन्दा पहिलेको प्रतिवेदनमा मैले सातदलीय गठबन्धनले ५ अक्टोबर २००७ (२०६४ असार १८) मा नयाँ मिति नतोकिकनै नोभेम्बर २२ (मङ्सिर ६) मा हुने भनिएको संविधानसभाको निर्वाचन स्थगन गर्ने निर्णय गरेको सन्दर्भ उल्लेख गरेको थिएँ। सुरुमा जुन २००७ (२०६४ असार) का लागि तय गरिएको सो निर्वाचन दोस्रो पटक स्थगन भयो। यसका प्रमुख बाधा-व्यवधानहरूमा संविधानसभा अगावै गणतन्त्रको घोषणा र पूर्ण समानुपातिक निर्वाचन प्रणालीको अवलम्बन गरिनुपर्छ भन्ने माओवादीका मागहरू थिए। यद्यपि पहिले नै आधा स्थानका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन

08-20073 (E) 080108

प्रणाली र बाँकी स्थानका लागि समानुपातिक निर्वाचन प्रणाली अपनाउँदै मिश्रित प्रणालीका आधारमा निर्वाचन सम्पन्न गराउने सहमति भएको थियो। लामो छलफल र वार्तापछि १५ डिसेम्बर (२०६४ मङ्सिर २९) मा सातदलीय गठबन्धन वर्तमान नेपाली वर्षको अन्त्य, अर्थात् १२ एप्रिल २००८ भित्रमा निर्वाचन गराउने सहमतिमा पुग्यो भने २३ डिसेम्बर (पुस ८) मा २३ बुँदे सम्झौता गरी उनीहरूबीचको सहकार्यको आधारलाई पुनर्स्थापित गरियो।

४. आफ्ना २२ बुँदे मागका लागि दवाब दिन नेकपा (माओवादी) १८ सेप्टेम्बर (असोज १) मा सातदलीय गठबन्धन सरकारबाट बाहिरिएपछि निर्वाचनको स्थगन अझ निश्चित बन्न पुग्यो। नोभेम्बर (कात्तिक) मा माओवादीले माग गरेको अन्तरिम विधायिका संसद्को विशेष अधिवेशनमा गणतन्त्र घोषणा र पूर्ण समानुपातिक निर्वाचन प्रणालीसँग सम्बन्धित आफ्ना दुई वटा मागहरूलाई प्रस्तावका रूपमा अघि सारियो। नेपाली कांग्रेस सो प्रस्तावको कडा विपक्षीका रूपमा उभिए तापनि माओवादी र नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी, एमाले) बीच अन्तिम घडीमा भएको सहमतिका आधारमा ४ नोभेम्बर (कात्तिक १८) को विशेष अधिवेशनले यी दुई वटा प्रस्ताव पारित गर्‍यो। यी प्रस्तावहरू साधारण बहुमतले पारित भए तापनि त्यसमा संविधान संशोधनका लागि आवश्यक पर्ने दुई-तिहाइ बहुमत जुट्न सकेन। ती प्रस्तावहरू कानुनी नभएका भन्दै तिनीहरूको कार्यान्वयनलाई नेपाली कांग्रेसले बदर गरिरह्यो।

५. मङ्सिरको निर्वाचन स्थगनका पछाडिको प्रमुख कारण सातदलीय गठबन्धनका मुख्य साझेदारहरूबीच आ-आफ्ना स्थान र प्राथमिकताहरूका सम्बन्धमा रहेको मतभेद नै हो भन्ने मानियो। खास गरी नेकपा (माओवादी) र नेपाली कांग्रेसबीच शान्ति प्रक्रियाका आधारभूत दिशा र आकाङ्क्षाका विषयमा मतभेद भए। माओवादीले प्रजातान्त्रिक अभ्यासको पालना गर्न इन्कार गरेको र हिंसा, डरत्रास, चन्दा आतङ्क, अपहरण, जमीन कब्जा एवम् त्यस्ता अन्य गतिविधिहरूलाई निरन्तरता दिएको भन्ने आधारमा मूलधारका पुराना दलहरूमा वितृष्णाभाव बढ्दै गयो। यस्ता गतिविधिहरूका कारण माओवादीले निर्वाचनमा राम्रो परिणाम नल्याउने भएकाले ऊ निर्वाचन होस् भन्ने नै चाहँदैन भन्ने धारणालाई थप बल पुग्यो। अर्कोतिर माओवादीले नेपाली कांग्रेस र उसले नेतृत्व गरेको सरकारले खास गरी सुरक्षा क्षेत्र सुधार र परम्परागत रूपमा सीमान्तीकृत समूहहरूको व्यापक समावेशीकरणसम्बन्धी आधारभूत सामाजिक-आर्थिक रूपान्तरण र राज्यको पुनःसंरचनालाई अङ्गीकार गर्न अनकनाएको आरोप लगायो। माओवादीले असोजमा परित्याग गरेको अन्तरिम सरकारभित्रको सहमतिको अभावका लागि उसले सरकारको आलोचना गरेको छ र त्यसमा उसलाई एमालेले पनि साथ दिएको छ। माओवादीले कांग्रेस स्वयं पनि मङ्सिरको निर्वाचनका लागि तयार थिएन भन्ने दाबी गरेको छ। धेरै जसो पर्यवेक्षक तथा मुख्य राजनीतिक पक्षहरू स्वयम् पनि विगत १८ महिनाको



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङ्ग्रेजी र नेपाली पाठमा कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL)

अवधिमा गरिएका प्रतिबद्धताहरू कार्यान्वयन गर्नमा एक हदसम्म सबै असफल भएको कुरामा सहमत छन्। शान्ति प्रक्रियामा पर्न आएका धेरै प्रकारका सङ्कटहरू ती प्रतिबद्धताहरूको कार्यान्वयनसँग सम्बन्धित छन्।

६. असोजमा सरकारबाट बाहिरिएपछि नेतृत्वले योङ कम्युनिस्ट लिग (वाईसीएल) का निरन्तरका ज्यादतीहरूलाई नियन्त्रण गर्ने बारम्बार आश्वासन दिए पनि नेकपा (माओवादी) ले त्यसो गर्न सकेन। यस्तो प्रवृत्तिका कारण माओवादी लोकतान्त्रिक बहुलवादमा आधारित र मानवअधिकारलाई सम्मान गर्ने खालको शान्तिपूर्ण वार्ताबाट समाधान खोज्ने कुराप्रति प्रतिबद्ध छ भन्ने विषयमा नेपाली समाजबीच आलोचना र आशङ्का बढेको छ। शिविरमा रहेका माओवादी लडाकूहरूको अवस्था, सहमति अनुसार ती लडाकूहरूका लागि मासिक भत्ता, माओवादी सेनाको भविष्य र नेपाली सेनाको लोकतान्त्रीकरण लगायतका माओवादीका मुख्य सरोकारहरूलाई प्रभावकारी ढङ्गबाट सम्बोधन गर्नमा सरकारले पनि धेरै ढिलाइ गरेको छ। खास गरी मधेशी जनअधिकार फोरम र नेपाल जनजाति महासंघ जस्ता सीमान्तीकृत समुदायहरूसित गरिएका सहमतिको पनि सरकारले भरपर्दो कार्यान्वयन गर्न सकेन। कार्यान्वयनको असफलताका कारण सीमान्तीकृत तथा अन्य समूहहरूलाई आफ्ना विरोधका अभियानहरू बढाउनमा बल पुगनका साथै शान्ति प्रक्रियामा सङ्कट बढ्न सक्छ।

७. यस अवधिमा उल्लेख्य सकारात्मक परिवर्तनहरू पनि भए। दसैं सुरु हुनुभन्दा केही दिन पहिला मात्र मध्य अक्टोबर (असोज अन्त्य) मा सरकारले शिविरमा रहेका माओवादी लडाकूहरूलाई तीन महिनाको भत्ता उपलब्ध गरायो। सरकार र माओवादीको आग्रहमा अन्मिनका हतियार अनुगमनकर्ताहरूद्वारा सो कार्यको अनुगमन गरियो। अन्मिनले गर्ने दर्ता भएका लडाकूहरूको प्रमाणीकरण कार्यप्रति नेकपा (माओवादी) ले आफ्नो सहयोग पनि जारी राख्यो। सो प्रमाणीकरणको लक्ष्य २५ मे २००६ (२०६३ जेठ ११) मा स्थायी युद्धविराम घोषणा हुँदा १८ वर्ष नपुगेका माओवादी लडाकूहरू वा त्यस मितिभन्दा पछि भर्ती गरिएका जवानहरूको पहिचान गर्नु थियो। हाल आएर अन्मिनले प्रमाणीकरणको काम सम्पन्न गरेको छ। मेरो पछिल्लो प्रतिवेदन यता माओवादीका पाँचौं, छैठौं, सातौं, चौथो तथा तेस्रो डिभिजन शिविरहरूमा प्रमाणीकरणको कार्य अघि बढ्यो। साथै नेताहरूको सुरक्षाका लागि खटिएका तथा उपचारको क्रममा शिविर बाहिर रहेका लडाकूहरूको पनि प्रमाणीकरण गरियो।

८. सेना र हतियार व्यवस्थापन अनुगमनको सम्झौता अनुसार प्रमाणीकरणमा नाबालिग वा पछि भर्ती भएको ठहरिएमा माओवादी लडाकूहरूलाई बिदा गरिनुपर्छ। यो अबको मुख्य कार्य हो र अन्मिनले सरकार तथा माओवादीलाई माओवादी लडाकूहरूको बिदाइका तौरतरिकासम्बन्धी गहन छलफल सुरु गर्न बारम्बार दवाब दिँदै आएको छ। सम्झौता अनुसार यस्ता छलफलहरू तत्कालै थालिनुपर्ने थियो।



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङ्ग्रेजी र नेपाली पाठमा कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL)

९. मुलुकका परम्परागत रूपमा सीमान्तीकृत धेरै समूहहरूको अवस्था अन्यौलपूर्ण रह्यो। सरकारसित ३० अगस्त (भदौ १३) मा सहमति गरेको मधेशी जनअधिकार फोरमको घटकले सो सहमतिको कार्यान्वयन नभएको भन्दै महिनौंको चेतावनीपछि विरोध प्रदर्शन गर्‍यो। त्यसै गरी नेपाल जनजाति महासंघले पनि सरकारले आफूसित गरेको सहमति कार्यान्वयन नभएमा पुनः आन्दोलन गर्ने चेतावनी दियो। जनजाति महासंघले पहिले मिश्रित निर्वाचन प्रणाली स्वीकारेको भए तापनि अब पूर्ण समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गरिनुपर्छ भन्ने माग अघि बढाएको छ। नेपालको पूर्वी भागमा सक्रिय मधेशी जनअधिकार फोरमको अर्को घटकदेखि लिएर लिम्बूवान र खुम्बूवानसम्मका अन्य समूहहरू तथा पश्चिम तराईका थारूवान समर्थक समूहहरूले समेत पूर्ण समानुपातिक निर्वाचन प्रणालीको अवलम्बनका लागि दवाब दिएका छन्।

१०. तराईका केही भागहरूको अवस्था विशेष चिन्ताको विषय बनेको छ। प्रशासनिक निकायहरूमा देखिएको सामान्य कमजोरी (कतिपय जिल्लामा असुरक्षाका कारण स्थानीय कर्मचारीहरूको राजीनामा वा राजीनामा गर्ने धम्कीका कारण स्थिति झन् खस्केको छ), मधेसी तथा अन्य समुदायको असन्तुष्टि (जुन प्रायः विरोधका विभिन्न कार्यक्रम मार्फत अभिव्यक्त गरिन्छ) र राजनीतिक आक्रामकता तथा अपराधबीचको रेखा धमिल्याइएका कारण नाजुक अवस्था सिर्जना भएको छ। तराईमा व्यापक राजनीतिक पुनःसंरचना भइरहेको छ; विभिन्न समूहहरू विलय हुँदैछन् वा नयाँ गठबन्धनहरू खडा हुँदैछन् र त्यहाँबाट पूर्ण समानुपातिक निर्वाचन प्रणालीको मागका साथ नयाँ विरोध आन्दोलन थाल्ने चेतावनी आउन थालेको छ। यी परिवर्तनहरू राष्ट्रिय एकतालाई अवमूल्यन गर्ने किसिमको थप ध्रुवीकरणको खतराका सङ्केतहरू हुन सक्छन्। यी परिवर्तनहरूले यस्तो अवस्थाको स्थायी समाधान खोज्नका लागि सातदलीय गठबन्धन र सरकारका लागि गम्भीर राजनीतिक वार्तामा संलग्न हुने अवसर समेत प्रदान गर्न सक्छन्।

११. गतिरोध र सङ्कटले भरिपूर्ण यस अवधिमा सात राजनीतिक दलहरूले वार्तालाई निरन्तरता दिए र विगतमा भएका सम्झौताहरूको समीक्षा र कार्यान्वयन, सुरक्षा क्षेत्रको सुधार, भूमि सुधार र बेपत्ताहरूको छानविनका लागि आयोगहरू गठन गर्ने जस्ता संवेदनशील विषयहरूमा पनि आफ्नो ध्यान केन्द्रित गरे। मेरा विशेष प्रतिनिधिले सातदलीय एकतालाई खतरामा पार्ने मुद्दाहरूलाई सुल्झाउन तथा अन्य प्रजातान्त्रिक शक्तिहरू एवम् नागरिक समाजसँग सहकार्य गर्ने क्षमता बढाएर यथाशीघ्र सफल र समावेशी संविधानसभा निर्वाचन सम्पन्न गर्नका लागि दलहरूलाई सहयोग पुर्‍याउन सम्भव भएसम्मको प्रयत्न गर्नुभयो।

१२. २३ डिसेम्बर (पुस ८) मा भएको २३ बुँदे सहमतिले दलहरूलाई अन्तरिम संविधानमा संशोधन गरी नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र हुने, गणतन्त्रको कार्यान्वयन संविधानसभाको पहिलो बैठकले गर्ने र त्यतिञ्जेलका लागि प्रधानमन्त्री नै राष्ट्र प्रमुख रहने कुरामा प्रतिबद्ध गराएको छ। यसै गरी मिश्रित निर्वाचन प्रणालीमा



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङ्ग्रेजी र नेपाली पाठमा कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL)

समेत संशोधन गरी पहिलो हुने निर्वाचित हुने प्रणालीमा आधारित २४० निर्वाचन क्षेत्र कायमै राखिएको छ भने समानुपातिक प्रणाली अन्तर्गतका निर्वाचन क्षेत्र २४० बाट बढाएर ३३५ पुऱ्याइएको छ। यसै गरी मन्त्रिपरिषद्द्वारा मनोनित हुनेको सङ्ख्या १७ बाट बढाएर २६ पुऱ्याइएको छ। यसरी संविधानसभामा कुल ६०१ सदस्यहरू रहनेछन्। प्रस्तावित संशोधनलाई २८ डिसेम्बर (पुस ८) मा अन्तरिम व्वस्थापिका-संसद्ले पारित गऱ्यो।

१३. विस्तृत शान्ति सम्झौता तथा अन्य सम्झौतामा उल्लेख भइसकेका प्रतिबद्धताहरूको कार्यान्वयनका लागि यस सम्झौतामा महत्वाकाङ्क्षी समयसीमा तोकिएको छ। विस्तृत शान्ति सम्झौता लगायत अन्य सम्झौताहरूको प्रभावकारी कार्यान्वयन भए नभएको अनुगमन गर्नका लागि उच्चस्तरीय समितिको गठन सहित शान्ति तथा पुनर्निर्माण मन्त्रालयसँग काम गर्नका लागि शान्ति आयोग लगायत छ वटा आयोगहरूको गठन गर्नुपर्नेछ। सात दलको सहमतिमा स्थानीय निकायको गठन गर्नुका साथै राष्ट्रिय स्तरमा अन्तरिम सरकारको काम कारवाहीमा सहयोग तथा समन्वय गर्न शीर्षस्थ नेताहरू सम्मिलित एउटा समन्वय समितिको गठन गरिनुपर्नेछ। द्वन्द्वका क्रममा मारिएका वा बेपत्ता पारिएकाहरूलाई क्षतिपूर्ति, माओवादीद्वारा कब्जा गरिएका जग्गाजमिन तथा सम्पत्ति फिर्ता तथा माओवादी लडाकूहरूलाई दिनुपर्ने भत्ताको भुक्तानी गर्नुका साथै उनीहरूको समायोजनका लागि गठित समितिलाई क्रियाशील बनाइनु पर्नेछ। आसन्न निर्वाचनलाई बाधा पुऱ्याउने हिंसा, अपहरण, जबरजस्ती चन्दा असुलीजस्ता सबै गतिविधिबाट सबै राजनीतिक दल एवम् तिनका भातृ सङ्गठनहरू टाढै रहनुपर्छ।

१४. नेकपा माओवादीले यो सम्झौतामा हस्ताक्षर गरे लगत्तै सरकारमा फर्कने प्रतिबद्धता व्यक्त गरेको छ भने सात दलले जनतालाई निर्वाचनमा सहभागी हुन आग्रह गर्दै सात ठाउँमा संयुक्त आमसभा गर्ने निर्णय पनि गरेका छन्। धेरै समयसम्म विद्यमान राष्ट्रिय निराशा एवम् अन्तर्राष्ट्रिय दवाब तथा लामो र कठिन वार्तालाप पछि मात्र यो सम्झौता भएको हो। यो निर्णयमा पुग्न अपनाइएको लचिलोपनका लागि सात दलका नेताहरू बधाईका पात्र छन्।

१५. समाधान गर्न बाँकी भएका राजनीतिक चुनौतीहरूले अझै पनि निर्वाचनको समय तालिकालाई नकारात्मक असर गर्न सक्ने भएकाले तिनलाई कम आँक्न हुँदैन। मधेसी प्रतिनिधिहरूले आफूहरूसँग वार्ता नै नगरी उक्त सम्झौता गरेको भन्दै त्यसको तत्कालै आलोचना गर्नुका साथै पूर्ण समानुपातिक निर्वाचन प्रणालीको आफ्नो माग रहेको बताएका छन्। चैतमा हुने निर्वाचनका लागि केही जिल्लाहरूको सुरक्षा स्थिति गत मङ्सिरको भन्दा अझै अप्ठ्यारो हुनसक्छ। सम्झौतामा उल्लिखित समय तालिका निकै चुनौतीपूर्ण रहेको छ र समयमा नै ती प्रतिबद्धताहरू पूरा भएनन् भने आरोप प्रत्यारोपको नयाँ शृङ्खला सुरु हुनसक्छ। यसै गरी राष्ट्रिय र क्षेत्रीय राजनीतिमा देखिएका



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङ्ग्रेजी र नेपाली पाठमा कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL)

उतारचढावले संविधानसभाको निर्वाचन र शान्ति प्रक्रियामा आउनसक्ने चुनौतीहरूतर्फ सङ्केत गरेको छ र समावेशी वार्ताका माध्यमबाट राष्ट्रिय सहमतिको निर्माण गर्न सामयिक र दूरदर्शी कदमको आवश्यकता छ भन्ने तथ्यलाई पनि औँल्याएको छ।

## इ. नेपालमा राष्ट्रसंघीय मिसनको अवस्था

१६. १०७३ जनाको दरबन्दी रहेको ठाउँमा डिसेम्बर १७ (पुस २) सम्ममा ८६६ जना कर्मचारीको नियुक्ति भइसकेको छ। निर्वाचन स्थगित भएको घोषणा भएका कारण निर्वाचनका लागि भर्ना गरिनुपर्ने अधिकांश कर्मचारीहरू भर्ना गरिएका छैनन् भने मिसन छाड्नेको सङ्ख्या पनि उल्लेख्य छ। ७११ जना गैरसैनिक कर्मचारीमध्ये २०८ जना अर्थात् २९ प्रतिशत महिला छन्। अझ केलाएर हेर्दा अन्मिनको कार्यादेशसित प्रत्यक्ष सम्बन्ध राख्ने विभागहरूमा ४१ प्रतिशत र प्रशासकीय कर्मचारीमा १९ प्रतिशत महिला छन्। हतियार अनुगमनकर्ता टोलीमा १२ जना महिला रहेका छन्। मिसनले यो सङ्ख्यामा वृद्धि होस् भन्ने चाहेको हो तर यो कुरा सदस्य राष्ट्रहरूले गर्ने मनोनयनमा भर पर्छ। राष्ट्रिय कर्मचारीहरूमध्ये २८ प्रतिशत महिला रहेका छन्। अन्मिनले राष्ट्रिय कर्मचारीहरूको नियुक्तिमा परम्परागत रूपमा सीमान्तीकृत समूहहरूलाई विशेष प्राथमिकता दिएको परिणाम स्वरूप ३३२ जना राष्ट्रिय कर्मचारीमध्ये १५५ जना अर्थात् ४७ प्रतिशत परम्परागत रूपमा सीमान्तीकृत समूहहरूबाट नियुक्त भएका छन्।

१७. नेपाल सरकारसितको मिसनको हैसियतसम्बन्धी सम्झौतामा अहिलेसम्म हस्ताक्षर नभएको जानकारी गराउनुपर्दा मलाई दुःख लागेको छ। नेपालको नागरिक उड्डयन प्राधिकरणले समाधान गर्नुपर्ने सानो विषय मात्र बाँकी रहेको छ, जुन निकट भविष्यमा नै समाधान हुनेछ भन्ने मलाई विश्वास छ।

## ई. नेपालमा संयुक्त राष्ट्रसंघीय मिसनका गतिविधि

## क. हतियार अनुगमन

१८. अन्मिनले दुवै पक्ष (माओवादी सेना तथा नेपाली सेना) का सैनिक र हातहतियारको अनुगमनको काम जारी राखेको छ जसमा माओवादीका सात वटा मुख्य शिविर तथा नेपाली सेनाको काठमाडौंस्थित तोकिएको हतियार भण्डारण क्षेत्रमा अहोरात्र हतियार अनुगमनको काम समेत पर्दछ। हतियार अनुगमन कार्यालयले पूर्णता पाएपछि यसमा रहेका १८६ जना अनुगमनकर्ता तथा वरिष्ठ प्रभाग (सेक्टर) कमान्डरका मातहतमा पाँच वटा प्रभाग पूर्णरूपमा सञ्चालित छन्। यी प्रभागहरूले अन्मिनका क्षेत्रीय कार्यालयहरूका सम्बन्धित विभाग र राष्ट्रसंघका अन्य निकाय, विशेष गरी मानवअधिकारसम्बन्धी राष्ट्रसंघीय उच्चायुक्तको कार्यालयसँग आपसी सहयोग तथा सूचनाको आदानप्रदानका लागि समन्वय गर्दछन्। पहिलो चरणमा आएका



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङ्ग्रेजी र नेपाली पाठमा
कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL)

अनुगमनकर्ताहरूको एक वर्षको कार्यकाल पूरा भएको छ र उनीहरूको बदलामा खटिने अर्को टोलीको कार्यकाल २००७ को डिसेम्बरको अन्त्य (पुस महिनाको मध्य) मा सुरु भएको छ।

१९. अन्मिनका प्रभाग कमान्डरले माओवादी तथा नेपाली सेनाका स्थानीय कमान्डरसँग राम्रो सम्बन्ध विकास गरेका छन् र हतियार अनुगमनकर्ताहरूले माओवादीका सहायक शिविर तथा नेपाली सेनाका ब्यारेकको नियमित गस्ती गर्ने गरेका छन्। स्थानीय गाउँघर, स्थानीय सरकारी कर्मचारी, नागरिक समाजका कार्यालय तथा संयुक्त राष्ट्रसंघ कार्यरत रहेका ठाउँहरूको भ्रमण पनि हतियार अनुगमनको काम अन्तर्गत पर्छ।

२०. अन्मिनको हतियार अनुगमन प्रमुखको अध्यक्षतामा नेपाली सेना र माओवादीका वरिष्ठ कमान्डरहरू उपाध्यक्ष रहेको संयुक्त अनुगमन समन्वय समितिले कार्यान्वयन, सूचनाको आदानप्रदान, विश्वास निर्माण र विवाद समाधान गर्न प्रभावकारी संयन्त्रका रूपमा आफ्नो कार्यलाई निरन्तरता दिँदै आएको छ। नियमित रूपमा बस्दै आएको सो समितिको बैठकले हतियार र सेना व्यवस्थापनको अनुगमन सम्झौताका विभिन्न पक्षमा र आवश्यकता अनुसार नेपाली सेना र माओवादी सेनासम्बन्धी अन्य विषयमा पनि छलफल गर्दछ। १७ डिसेम्बर २००६ (२०६३ पुस २ गते) देखि ३ जनवरी २००८ (२०६४ पुस १९) को अवधिमा ६१ पटक सो समितिको बैठक बसेको थियो।

२१. हतियार अनुगमनको कार्यमा प्रत्येक प्रभाग (सेक्टर) मा राष्ट्रसंघका एक जना, नेपाली सेनाका एक जना र माओवादीका एक जना अनुगमनकर्ता सम्मिलित दुई-दुई वटा टोलीहरू गरी जम्मा १० वटा संयुक्त अनुगमन टोलीहरू खटाइएको छ। स्थानीय तहका विवादहरूलाई स्थानीय स्तरमै समाधान गर्न र अनुसन्धानको आवश्यकता भएका घटनामा यथाशीघ्र आवश्यक कारवाही अघि बढाउनमा ती टोलीहरू निकै प्रभावकारी भएका छन्। २० डिसेम्बर (पुस ५) सम्ममा ७१ वटा घटनाको अनुसन्धान भएकोमा १० वटा किनारा लाग्न बाँकी छन्। अनुसन्धानबाट प्राप्त तथ्यहरूलाई अन्तिम किनारा लगाउने कार्य संयुक्त अनुगमन समन्वय समितिले गर्छ।

२२. मुख्य शिविर र सहायक शिविरमा रहेका माओवादीहरूको अवस्थामा पहिलेको भन्दा केही सुधार भएको भए तापनि आवास, लत्ताकपडा र स्वास्थ्यसम्बन्धी सुविधामा धेरै कमी छ। खास गरी अहिले जाडोको बेलामा यो विशेष चिन्ताको विषय हो। नेपाली सेनाले पनि आफ्ना धेरै टुकडीहरू निम्नस्तरीय अवस्थामा रहेको बारे चिन्ता व्यक्त गरेको छ।

२३. अक्टोबर-नोभेम्बर (कात्तिक) मा सरकारी विदाको छोटो अन्तरालपछि २३ डिसेम्बर (पुस ८) मा दोस्रो चरणको दर्ता (प्रमाणीकरण) समाप्त भएको छ। तोकिएको योग्यता नपुगेका माओवादी लडाकूहरूको बिदाइ र पुनर्स्थापना अबको प्रमुख चुनौती



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङ्ग्रेजी र नेपाली पाठमा
कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL)

हो। तोकिएको योग्यता नपुगेका, खास गरी तोकिएको मितिमा नाबालक रहेका माओवादी लडाकूहरूको बिदाइ र राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) र राष्ट्रसंघीय बाल कोष (युनिसेफ) को सहयोगमा उनीहरूको पुनर्स्थापना लगायतका अन्य थुप्रै विषयमा अन्मिनले सरकार र माओवादी नेतृत्वसँग छलफल गरिरहेको छ। माओवादी लडाकूहरू शिविरमा रहने र नेपाली सेना ब्यारेकमा रहने प्रावधान संविधानसभाको निर्वाचनका लागि आपसी विश्वास वृद्धि गर्ने अस्थायी व्यवस्था हो। प्रमाणित भइसकेकाहरूको भविष्यका बारेमा पनि चाँडोभन्दा चाँडो दिगो समाधान पत्ता लगाउनु जरूरी छ। त्यसैले, माओवादी लडाकूहरूको समायोजन र पुनर्स्थापना, नेपाली सेनाको लोकतान्त्रिकरण र देशको समग्र सुरक्षा क्षेत्रको भविष्यको बारेमा चाँडै नै छलफल सुरु गरी निर्णयमा पुग्न अन्मिनले सम्बद्ध पक्षहरूलाई निरन्तर आग्रह गर्दै आएको छ।

## ख. माइन एक्सन (बारुदी सुरुङ तथा घरेलु विस्फोटक विरुद्ध अभियान)

२४. यस प्रतिवेदन अवधिमा, अन्मिनको माइन एक्सन युनिटले सात वटामध्ये पाँच वटा मुख्य शिविरका पहिलो समूहमा परेका (भण्डारण गर्न असुरक्षित) घरेलु विस्फोटक पदार्थ तथा युद्धका विष्फोटक अवशेष नष्ट गर्ने कार्य सम्पन्न गरेको छ। पाँच वटामध्ये तीन वटा शिविरमा सबै असुरक्षित पदार्थहरू नष्ट गरिएको छ भने चौथो शिविरमा ९० प्रतिशत र पाँचौ शिविरमा ३० प्रतिशत नष्ट गरिएको छ। यो कार्य यसै अवधिमा सम्पन्न गर्ने योजना रहेको भए तापनि संयुक्त अनुगमन समन्वय समितिमा जस्तो डिभिजन तहमा माओवादीहरूको सहयोग प्राप्त नभएकाले र तीन वटा शिविरका कमान्डरहरूको सहयोगको अभावले गर्दा करिब ५० प्रतिशत उपकरण तथा असुरक्षित पदार्थ नष्ट गर्ने कार्य सन् २००८ मा सरेको छ।

२५. विस्तृत शान्ति सम्झौता अन्तर्गतका दायित्वहरू पूरा गर्नका लागि माइन एक्सन युनिटले नेपाली सेनालाई जमिन मुनि ओछ्याइएका विस्फोटक पदार्थ निष्क्रिय पार्ने (माइन क्लियरेन्स) तालिम पनि दिएको छ। हालसम्म नेपाली सेनाले आफूले जमिन मुनि विस्फोटक पदार्थ ओछ्याएका ५३ ठाउँमध्ये पाँच ठाउँका विस्फोटक पदार्थ मात्र निष्क्रिय गरेको छ। यो तालिम सेप्टेम्बर महिनामा ३२ जनालाई दिइएको थियो। तालिमका सहभागीहरूले काठमाडौं पूर्वको खिम्तीमा क्षेत्रमा जमिन मुनि ओछ्याइएका विस्फोटक पदार्थ निष्क्रिय पारेका थिए। तालिमपछि पश्चिमाञ्चलका दुई ठाउँमा पुनः टोली खटाइएको छ। जमिन मुनिका विस्फोटक पदार्थ निष्क्रिय पार्ने कार्य सन् २००८ मा पनि जारी रहनेछ। नेपाली सेनाले यस्ता विस्फोटक पदार्थ निष्क्रिय पार्ने थप तालिमको व्यवस्था गर्नेछ र जमिनमुनि ओछ्याइएका विस्फोटक पदार्थ निष्क्रिय पार्ने कार्य उचित समयावधिमा सम्पन्न गर्नेछ भन्ने आशा गरिएको छ।



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङ्ग्रेजी र नेपाली पाठमा कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL)

## ग. निर्वाचनमा सहयोग

२६. नेपाल सरकारले ५ अक्टोबर (२०६४ असोज १८) मा मङ्सिर ६ मा हुने भनिएको निर्वाचन पछि सार्ने निर्णय गरेपछि अन्मिनको निर्वाचन सहयोग कार्यालय र यसको संरचनामा महत्त्वपूर्ण परिवर्तन भएको छ। निर्वाचन आयोगको अनुरोधमा निर्वाचन सहयोग कार्यालयका जिल्ला निर्वाचन सल्लाहकार (संयुक्त राष्ट्रसंघीय स्वयंसेवक) हरूलाई जिल्लाबाट फिर्ता बोलाइयो। सुरुमा खटाइएका ८१ जना अन्तर्राष्ट्रिय जिल्ला निर्वाचन सल्लाहकारहरूमध्ये १५ जनालाई मात्र निर्वाचन सहयोग कार्यालयमा निरन्तरता दिई डिसेम्बरसम्मका लागि अन्मिनको क्षेत्रीय कार्यालयहरूमा खटाइएको छ। यो १५ जनाको टोलीले निर्वाचनको नयाँ मिति तय नभएसम्म घुम्ती टोलीका रूपमा सम्बन्धित क्षेत्रका विभिन्न जिल्लाहरूमा अन्मिनको निर्वाचनसम्बन्धी सहयोगलाई जारी राखेको छ। त्यसै गरी ८१ जनामध्ये २० जना जिल्ला निर्वाचन सल्लाहकारहरूलाई आवश्यक पर्दा तुरुन्तै खटाउन सकिने गरी अस्थायी रूपमा अन्मिनका अन्य शाखामा खटाइएको छ।

२७. निर्वाचन स्थगित भएपछि निर्वाचन सहयोग कार्यालयले निर्वाचनको तयारी र यसका क्रममा विभिन्न तहमा सिकिएका कुराका बारेमा जिल्ला निर्वाचन सल्लाहकार, क्षेत्रीय निर्वाचन सल्लाहकार र मुख्यालयमा रहेका सल्लाहकारहरूबाट जानकारी लिने कार्यमा आफ्नो ध्यान केन्द्रित गरेको छ। 'निर्वाचनको तयारीको अवस्था' विषयक निर्वाचन आयोगको चौथो चरणको जानकारी र सिकाइहरूका बारेमा आयोगको पाँच वटै क्षेत्रीय स्रोत केन्द्रहरूमा अभ्यासमूलक कार्यक्रम आयोजना गर्न कार्यालयले निर्वाचन आयोगलाई सहयोग गरेको थियो। यस कार्यक्रमको मुख्य उद्देश्य विगतबाट सिकेका कुराहरूबाट भविष्यका योजनाहरूलाई सुधार गर्नु रहेको थियो।

२८. क्षेत्रीय तथा जिल्ला तहमा गरिएका यस्ता जानकारीमूलक कार्यक्रमका निष्कर्षले अन्मिनका निर्वाचन सल्लाहकारहरूले देशभरि पारेको सकारात्मक प्रभावका बारेमा जोड दिएको थियो। महिनौंको तयारीका बेला निर्वाचन आयोगका जिल्ला निर्वाचन अधिकृतहरू र क्षेत्रीय स्रोत केन्द्रका प्रबन्धकहरूले अन्मिनको निर्वाचन टोलीको उपस्थितीबाट सशक्त भएको महसुस गरेका थिए। खास गरेर जिल्लामा विश्वास बढाउन निर्वाचन सहयोग कार्यालयले गरेको सहयोग उसको प्राविधिक सहयोग र विशेषज्ञता भन्दापनि अझ बढी महत्त्वपूर्ण थियो।

२९. अन्मिनका वरिष्ठ प्रहरी सल्लाहकार र उहाँको टोलीले निर्वाचन सुरक्षासम्बन्धी विषयमा निरन्तर रूपमा आफ्नो ध्यान केन्द्रित गरिरहेको छ। पाँच वटै क्षेत्रमा रहेका प्रत्येक क्षेत्रीय कार्यालयमा एक एक जनाका प्रहरी सल्लाहकार खटाइएको छ। यी सल्लाहकारहरूले आफ्नो पदस्थापनपछिको प्रारम्भिक चरणमा क्षेत्रीय स्तरमा रहेका कानुन कार्यान्वयन गर्ने अधिकारीहरूसँग सम्बन्ध विस्तार गर्न र आफ्नो कार्य क्षेत्रका बारेमा जानकारी हासिल गर्नमा आफ्नो समय र प्रयत्न केन्द्रित गरेका थिए।



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङग्रेजी र नेपाली पाठमा कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL)

३०. यद्यपि, निर्वाचन सुरक्षासम्बन्धी विषयमा अन्मिनका प्रहरी सल्लाहकारहरूलाई गर्नुपर्ने सहयोग र यसको प्रकृतिको बारेमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र अन्य सम्बन्धित निकायहरूले स्पष्ट निर्देशन पाएका छैनन्। मेरा विशेष प्रतिनिधिले यो समस्या समाधान गर्न गृह मन्त्रालयसँग पटक पटक प्रयास गर्दै आउनुभएको छ। उहाँले स्थानीय स्तरमा सामना गर्नुपर्ने धेरै चुनौतीहरूका सन्दर्भमा नेपालको प्रहरीलाई परामर्श दिएर अन्मिनले महत्त्वपूर्ण योगदान गर्न सक्छ भन्ने कुरा सरकार र राजनीतिक दलहरू समक्ष स्पष्ट पार्नु भएको छ।

३१. निर्वाचन अनुगमन विशेषज्ञ टोलीले २७ सेप्टेम्बर (२०६४ असोज १०) देखि ८ अक्टोबर (असोज २१) सम्मको नेपाल भ्रमणपछि आफ्नो तेस्रो अनुगमन मूल्याङ्कन प्रतिवेदन जारी गरेको छ। यो भ्रमण मङ्सिरमा हुनुपर्ने निर्वाचन स्थगनको घोषणा भएकै समयमा सम्पन्न भएको थियो। प्रतिवेदनले निर्वाचनको स्थगनलाई प्राविधिकभन्दा पनि राजनीतिक निर्णयका रूपमा वर्णन गरेको छ। प्राविधिक दृष्टिकोणबाट भन्नुपर्दा मतपत्र छाप्ने उपकरणको अवस्था र मतदान सामग्री ठाउँमा पुऱ्याउने जस्ता केही समस्या बाहेक निर्वाचनको तयारी समयमै भएको निक्यौंल निर्वाचन अनुगमन विशेषज्ञ टोलीको छ। यस प्रतिवेदनले विभिन्न मागहरू उठाइरहेका सामाजिक समूहहरूलाई असर पार्ने संविधानसभाको भविष्यको अनिश्चितता र सोमा अन्तर्निहित खतरा र जारी संवेदनशील सुरक्षा स्थितिमाथि प्रकाश पारेको छ। निर्वाचनका लागि सुरक्षाको सम्पूर्ण तयारी भनेको मतदानका लागि आवश्यक वातावरण सिर्जना गर्न राजनीतिक दलहरूको स्पष्ट प्रतिबद्धता बिना नै सुरक्षा फौजहरूले अवलम्बन गरेका उपायहरू मात्र थियो। प्रतिवेदन नेपालका अधिकारीहरू र मुख्य सरोकारवालाहरूसँग छलफल गरिसकिएको छ। अन्मिनको कार्यावधि थपिएर निर्वाचनका प्रक्रियाहरू पुनः सुरु भएपछि निर्वाचन अनुगमन विशेषज्ञ टोलीले आफ्नो कार्य सुचारू राख्नेछ।

## घ. नागरिक मामिला

३२. संविधानसभाको सफल निर्वाचन धेरै हदसम्म कानुन व्यवस्थाको स्थिति र राजनीतिक नेता तथा आमजनताले आफ्ना राजनीतिक अधिकार उपभोग गर्न पाउने प्रजातान्त्रिक परिवेशमा पनि भर पर्छ। त्यस्तो परिस्थिति सिर्जना गर्नका लागि मेरा विशेष प्रतिनिधिले राष्ट्रिय अनुगमन टोलीको आवश्यकतामा निरन्तर जोड दिँदै आउनु भएको छ ,जसका निमित्त अन्मिनलाई अनुरोध गरिएको थियो। विशेष गरी सेप्टेम्बर १८ )असोज १ (मा नेकपा )माओवादी (अन्तरिम सरकारबाट हटेपछि बढेको राजनीतिक तनावलाई ध्यानमा राखेर अन्मिनले मूलतः आफ्नो नागरिक मामिलासम्बन्धी कार्यालय मार्फत हिंसा तथा विस्तृत शान्ति सम्झौताको उल्लङ्घनको अनुगमन गरिरहेको छ। अनुगमनका क्रममा विशेषतः तराईका केही जिल्लाहरूमा शान्तिसुरक्षा र विधिको शासनमा आएको ह्रास र माओवादीसँग सम्बन्धित समूह र व्यक्तिहरूद्वारा जबरजस्ती चन्दा असुलीका बारेमा विशेष ध्यान दिइएको थियो। नागरिक मामिला कार्यालयका पाँच



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङ्ग्रेजी र नेपाली पाठमा कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL)

वटा क्षेत्रीय टोलीले ३० वटा जिल्ला र ६५ वटा गाविसको भ्रमणका क्रममा पहिचान गरेका राज्यमाथि बढिरहेका चुनौतीहरूलाई पनि अनुगमनका क्रममा विशेष ध्यान दिइएको थियो।

३३. अनेकन रूपमा देखिएका यी चुनौतीहरू ठाउँ र गम्भीरताका दृष्टिबाट फरक छन्। अवलोकनका क्रममा धैरै जिल्लाहरूमा र गाविस स्तरमा पनि नेकपा )माओवादी(/वाईसीएलले प्रशासनिक भूमिका नै निर्वाह गरेको र यदाकदा त्यसमा स्थानीय प्रशासन र/वा प्रहरीको समर्थन समेत रहेको पाइयो। जिल्लाभन्दा तल्लो स्तरमा घर झगडादेखि सानातिना अपराध र भ्रष्टाचारका मुद्दामा "न्याय" दिने काम गरिरहेका गैरन्यायिक निकायहरू राज्यका संरचनाको अनुपस्थित वा शक्तिविहीनताका कारण विधिको शासनको अभाव रहेका क्षेत्रमा एकछत्र रूपमा सक्रिय छन्। सुरक्षा बलको कमजोरी र अकर्मण्यताका कारण कानुनको उल्लङ्घन गर्नेहरू ,विशेषतः राजनीतिक दलसँग आबद्ध रहेका व्यक्तिहरूले सजाय नै नपाउने अवस्था व्याप्त छ।

३४. २००७ सेप्टेम्बर (२०६४ भदौ/असोज) पछिको अवधिमा तराई तथा पहाडी क्षेत्रहरूमा गैरकानुनी कर/चन्दा असुली गर्ने क्रियाकलाप उल्लेखनीय रूपमा बढेको छ। संवेदनशील अवस्थामा रहेको तराईमा सशस्त्र समूहले जारी राखेको जबरजस्ती असुलीले आतङ्क र अराजकता बढाएको छ। आक्रमणमा पर्नसक्ने डरले धैरै जिल्लाका गाविस सचिवहरूले सामूहिक राजीनामा दिएका छन् वा उनीहरू निष्क्रिय भएका छन्। फलतः उनीहरूको पूरै कार्यक्षेत्र राज्यको पहुँचबाट अझै टाढिने जोखिम बढेको छ। पूर्व पहाडी क्षेत्रका मुख्य जनजाति समूह लिम्बूहरूको आकाङ्क्षाको प्रतिनिधित्व गरेको दाबी गर्ने सङ्घीय लिम्बूवान राज्य परिषद्ले "कर" असुली जारी राखेकाले लिम्बू र गैरलिम्बू समूहबीच तनाव र फाटो सिर्जना भएको छ। लिम्बू र गैरलिम्बू समूह बीचको स्थानीय तहको द्वन्दले खतरापूर्ण जातीय आयाम लिने जोखिम बढेको छ।

३५. यसरी तराई र लिम्बूवान क्षेत्रमा जबरजस्ती चन्दा असुली बढेको छ। मुलुकका अन्य अधिकांश भागमा पनि जबरजस्तीको चन्दा सङ्कलन व्याप्त छ जुन आफू समानान्तर सत्तामा रहेको माओवादीको अडानको प्रतिबिम्ब हो। यस्ता क्रियाकलापहरू विशेष गरी पहाडी क्षेत्रमा बढिरहेका छन्।

३६. अन्मिनले साम्प्रदायिक हिंसा बल्झिने सम्भावना रहेका तराईका मुख्य क्षेत्रहरूमा निरन्तर अनुगमन गर्ने र त्यसको प्रतिवेदन दिने काम गरिरहेको छ। अगस्त )साउन/भदौ (मा हिंसाको लहरबाट ग्रसित कपिलवस्तु जिल्लामा अझै तनाव कायम रहेकाले समुदायहरूबीच छलफल र आत्मविश्वास बढाउने आवश्यकता छ। यसका साथै सम्बन्धित अधिकारीहरूद्वारा प्रभावकारी कानुन तथा व्यवस्थाको प्रबन्ध हुनु अत्यावश्यक छ। आन्तरिक रूपमा विस्थापितहरूका लागि आधिकारिक शिविरको व्यवस्था गर्ने जस्ता राज्यको सम्वेदनशील दायित्व र कर्तव्यलाई नेकपा (माओवादी)/वाईसीएलले खुल्ला रूपमा आफ्नो हातमा लिएको देखिएको छ।



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङ्ग्रेजी र नेपाली पाठमा कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL)

३७. नागरिक मामिलासम्बन्धी कार्यालयले युद्धविराम आचारसंहिता तथा विस्तृत शान्ति सम्झौताका हस्ताक्षरकर्ताहरूबाट सम्झौताको पालना भए नभएको विश्लेषण सङ्कलन गरिरहेको छ। यो प्रतिवेदन शान्ति सम्झौताका पक्षहरू तथा राष्ट्रिय अनुगमन निकाय स्थापना भएमा त्यसका लागि समेत उपलब्ध गराइने छ। यसका अतिरिक्त नागरिक मामिलासम्बन्धी कार्यालयले स्थानीय शासन र शान्ति प्रवर्धनका पहलका लागि जिम्मेवार सरकारी निकायहरूसँग आदानप्रदान गर्ने उद्देश्यले शान्ति प्रवर्धन र द्वन्द्व न्यूनीकरणका लागि भएका सफल प्रयासहरूमध्ये पाँच क्षेत्रका विभिन्न प्रतिनिधिमूलक प्रयासहरूको रेखाचित्र तयार गरिरहेको छ।

## उ. लैङ्गिक मामिला, बाल संरक्षण र सामाजिक समावेशीकरण

३८. यस प्रतिवेदन अवधिमा अन्मिनको लैङ्गिक मामिला शाखा, नेपालको राजनीतिक सङ्क्रमण र संविधानसभाको निर्वाचनका सन्दर्भमा सुरक्षा परिषद्को प्रस्ताव १३२५ (२०००) को कार्यान्वयनसम्बन्धी गतिविधिहरूमा केन्द्रित रह्यो। यो शाखा परम्परागत रूपमा सीमान्तीकृत समूहका महिला लगायत सबै महिलाको राजनीतिक सहभागिता प्रोत्साहन गर्न र लैङ्गिक समानतालाई प्रमुख पथप्रदर्शक सिद्धान्तका रूपमा आत्मसात् गर्नमा केन्द्रित रह्यो।

३९. अन्मिनले विभिन्न राजनीतिक क्षेत्रका महिला नेताहरूसँग महिलाको राजनीतिक सहभागिताका विषयमा छलफल जारी राख्यो। महिला राजनीतिक नेताहरूको आमन्त्रणमा अन्मिनले महिला नेता, सांसद र नागरिक समाज समूहहरूद्वारा आयोजित विभिन्न गोष्ठीमा भाग लियो। ती गोष्ठीहरूले राजनीतिक प्रक्रियामा महिलाको उपस्थिति लगायतका राष्ट्रिय सरोकारवालाहरूले पहिचान गरेका महत्त्वपूर्ण विषयहरूमा जोड दिएका थिए।

४०. लैङ्गिक मामिला शाखाले आफ्ना क्षेत्रीय टोलीहरूका लागि आन्तरिक तालिम कार्यक्रम सम्पन्न गर्‍यो। यसका साथै यो शाखा अन्मिनका हातहतियार अनुगमन लगायतका सम्पूर्ण क्रियाकलापको मूलधारमा लैङ्गिक मामिलालाई समाहित गर्नका लागि कार्यरत रह्यो। अन्मिनले सरकारसँग अन्तरक्रिया गर्नुका साथै नेपालस्थित राष्ट्रसंघीय टोली तथा प्रस्ताव १३२५ (२०००) का लागि शान्ति सहयोग कार्य समूह जस्ता विभिन्न निकायसँग निकटमा रही सहकार्य जारी राख्यो।

४१. लैङ्गिकताका आधारमा गरिने हिंसाका विरुद्ध १६ दिने विश्वव्यापी अभियानका क्रममा अन्मिनले विभिन्न कार्यक्रमहरूमा भाग लियो। जसमध्ये नेपालभरिका करिब ३०० जना महिला मानवअधिकारकर्मीहरूले भाग लिएको महिला मानवअधिकार रक्षकहरूका लागि राष्ट्रिय परामर्श पनि एक हो। त्यसै गरी दलित महिला संघले दलित महिला राष्ट्रिय सम्मेलनको आयोजना गर्‍यो। यो नयाँ नेपालको निर्माणमा दलित



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङ्ग्रेजी र नेपाली पाठमा
कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL)

महिलाको सहभागिता र प्रतिनिधित्वका विषयमा केन्द्रित थियो। मेरा विशेष प्रतिनिधिले दुवै सम्मेलनमा सम्बोधन गर्नुभयो।

४२. अन्मिनको बाल संरक्षण शाखाले राजनीतिमा बालबालिकाको सहभागिताका साथै सशस्त्र समूहहरूद्वारा बालबालिकाहरूको भर्ती र प्रयोग तथा उनीहरूको बिदाइ र पुनर्स्थापनाका विषयमा अनुगमन गर्न युनिसेफ, राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय र बालबालिका र सशस्त्र द्वन्द्वसम्बन्धी नेपाली कार्यदलसँग सहकार्य जारी राख्यो।

४३. माओवादी सेनासँग सम्बन्धित बालबालिकाको औपचारिक बिदाइ नभए तापनि धेरै जना अनौपचारिक रूपमा वा आफै अस्थायी शिविरहरूबाट बिदा भएका छन्। अनौपचारिक रूपमा बिदा भएका बालबालिकाहरूमध्ये कतिपय श्रम बजारमा संलग्न छन्, कतिपय घर फर्केका छन् भने कतिपय युनिसेफ र अन्य निकायहरूद्वारा सञ्चालित पुनर्स्थापना कार्यक्रमहरूमा संलग्न छन्। त्यसै क्रममा अन्मिनले अनौपचारिक रूपमा बिदा भएका बालबालिकाहरूलाई माओवादी सेनाले जबरजस्ती भर्ती गरेको भनिएका केही घटनाको छानबिन गरिरहेको छ। यदि यो कुरा साँचो हो भने यो विस्तृत शान्ति सम्झौताको उल्लङ्घन हो। त्यसो त बालबालिकाहरूको पुनर्स्थापनाको जिम्मेवारी सरकारको हो। तर सरकारी निकायहरूले यो जिम्मेवारी बहन नगरेकाले यस काममा युनिसेफले अगुवाइ गरेको छ। वाईसीएल र जिल्ला स्तरीय माओवादी लडाकूहरूले युनिसेफद्वारा सञ्चालित पुनर्स्थापना कार्यक्रमहरूमा भाग लिने संस्थाहरूलाई दुर्व्यवहार गरेका विभिन्न घटनाहरू पनि प्रकाशमा आएका छन्।

४४. यस प्रतिवेदनको अवधिमा तराईका केही राजनीतिक समूहहरूले आफ्ना युवा शाखाहरू गठन गरेका छन्। तीमध्ये केहीले हतियाररहित अर्धसैनिक प्रदर्शनहरू गरेका छन्। उनीहरूकै नेताकै भनाइमा पनि तिनमा १६ वर्ष र त्यसभन्दा माथिका युवाहरूलाई मात्र भर्ना लिइएको छ। तर कम उमेरका बालबालिकालाई पनि संलग्न गराइएका हुनसक्ने सङ्केत भेटिएका छन्। हिंसामा संलग्न तराईका समूहहरूले आक्रामक गतिविधिहरूमा सक्रिय सहभागिताका लागि बालबालिकाहरूलाई भर्ती गरेको विश्वाश गरिन्छ।

४५. अन्मिनको सामाजिक मामिला विभागले अन्तरिम सरकार गठन भएपछि क्षेत्रीय तथा राष्ट्रिय तहका राजनीतिक तथा सरकारी निकायमा भएका नियुक्तिलाई समेत ध्यान दिएर सामाजिक समावेशीकरणका मुद्दाहरूमा ध्यान केन्द्रित गऱ्यो। परम्परागत रूपमा सीमान्तीकृत समूहहरूले शान्ति प्रक्रियाको निर्णय प्रक्रियाबाट आफूहरू निरन्तर वञ्चित हुनुपरेको गुनासो गर्दै आएका छन्। संविधानसभाको निर्वाचन अनिश्चित रूपमा पर सारिएपछि त्यसलाई सरकारका विभिन्न तह र राजनीतिक प्रक्रियामा समावेशीकरण र प्रतिनिधित्व सुनिश्चित गर्ने महत्त्वपूर्ण संयन्त्र मान्नेहरूले विशेष चिन्ता व्यक्त गरेका



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङ्ग्रेजी र नेपाली पाठमा कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL)

छन्। पूर्ण समानुपातिक प्रतिनिधित्व प्रणाली अथवा निश्चित सीटको प्रत्याभूतिका मार्फतबाट संविधानसभामा उनीहरूको प्रतिनिधित्व सुनिश्चित गर्नु पर्ने माग अझै पनि सशक्त रूपमा छ।

४६. अन्मिनले विभिन्न सेवा प्रवेश तालिम तथा राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयद्वारा आयोजित क्षेत्रीय मानवअधिकार गोष्ठी लगायतका क्रियाकलाप मार्फत शान्ति प्रक्रियामा सामाजिक रूपमा पाखा पारिएका र विभेदमा पारिएका मामिलाहरूलाई सम्बोधन गर्नुपर्ने आवश्यकता बोध गराउन सचेत प्रयास गर्दै आएको छ। यसका साथै अन्मिनले सान्दर्भिक राष्ट्रिय र क्षेत्रीय स्तरमा सीमान्तीकरणसित सम्बन्धित मामिलाहरूको अनुगमन गर्ने, शान्ति सम्झौता र स्थानीय शान्ति स्थापना प्रयासहरूमा परम्परागत रूपमा सीमान्तीकृत समूहहरूको थप सहभागिताको लागि उत्प्रेरित गर्ने, राष्ट्रसंघीय निकाय, दातृ निकाय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसँग निकटतम सहकार्य गर्ने, सान्दर्भिक सामाजिक समावेशीकरणका मामिलामा सल्लाह प्रदान गर्ने तथा सामाजिक वञ्चितीकरणलाई कम गर्ने ध्येयले सञ्चालित विकासका गतिविधिहरूलाई प्रोत्साहन गर्ने क्रियाकलापहरूमा भाग लिएको छ।

## च. राजनीतिक मामिला

४७. राजनीतिक मामिला कार्यालयले देशको राजनीतिक अवस्थाको अनुगमन र विश्लेषण गर्दै मिसन नेतृत्वले शान्ति प्रक्रियामा सहयोग पुऱ्याउन, खास गरी राजनीतिक दलहरू एवम् प्रजातान्त्रिक शक्तिहरूबीच विश्वास सिर्जना गर्न र त्यसलाई कायम राख्नमा सहयोग जारी राखेको छ। सो कार्यालयले सात दल गठबन्धनभित्र भइरहेका गम्भीर वार्ताहरू र परम्परागत रूपमा सीमान्तीकृत विभिन्न समूहहरूबीच तीव्र गतिमा विकसित भएका घटनाक्रमहरूलाई निकटबाट नियाल्ने गरेको छ। साथै यस कार्यालयले यी समूहहरूको सशस्त्रीकरणप्रतिको बढ्दो झुकाव र यसले निर्वाचन प्रक्रिया, राजनीति एवम् समग्र शान्ति प्रक्रियामा पार्ने असरहरूलाई पनि ध्यानपूर्वक अवलोकन गर्ने गरेको छ। शान्ति प्रक्रियाको प्रगतिको समीक्षा र सहमतिहरूको कार्यान्वयनका लागि दलहरूलाई सहयोग प्रदान गर्न पनि विशेष ध्यान दिइएको छ।

## छ. सार्वजनिक सूचना तथा सम्पर्क

४८. यस प्रतिवेदनको अवधिमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूको ध्यान संविधानसभा निर्वाचनको दोस्रो स्थगनले निम्त्याएको राजनीतिक गतिरोधमा केन्द्रित रह्यो। यस सन्दर्भमा राष्ट्रिय सञ्चार माध्यमहरूले अन्मिनको कार्यदिश थपिने र विस्तार गरिने सम्भावनाका बारेमा व्यापक रूपमा समाचार प्रस्तुत गरे र साथै मिसनको हालसम्मको भूमिकाको पनि समालोचना गरे। मेरा विशेष प्रतिनिधि र नायब विशेष



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङ्ग्रेजी र नेपाली पाठमा
कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL)

प्रतिनिधिले सञ्चार माध्यमहरूसँग निरन्तर सम्पर्क राख्नुभयो र सार्वजनिक कार्यक्रमहरूमा शान्ति प्रक्रियाका बारेमा मिसनको सरोकार व्यक्त गर्नुभयो।

४९. अन्मिनले रेडियो कार्यक्रम (*अन्मिनको बोली*) र सार्वजनिक हितका उद्घोषणहरू भोजपुरी, तामाङ, मैथिली, थारू र अवधी समेत पाँच वटा क्षेत्रीय भाषाहरूमा पनि सुरु गरेको छ। यसका साथै कैयन् राष्ट्रिय सञ्चार माध्यम, एफएम रेडियो स्टेशन तथा सामुदायिक रेडियोद्वारा प्रस्तुत भइरहेको नेपाली भाषाको कार्यक्रमको प्रसारण जारी रहनेछ। यस मिसनको सार्वजनिक सूचना तथा सम्पर्क कार्यालयले रेडियो नेपालका क्षेत्रीय भाषा टोलीहरूलाई कार्यक्रम उत्पादन दक्षता अभिवृद्धि गर्न तालिम प्रदान गरेको छ। अन्मिनले सञ्चारसम्बन्धी कार्य गर्ने अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, सर्च फर कमन ग्राउन्डसितको साझेदारीमा, खास गरी साम्प्रदायिक तनावबाट प्रभावित हुन सक्ने जिल्लास्थित एफएम रेडियो स्टेशनहरूलाई वार्ता, सहिष्णुता र समावेशीपनलाई प्रोत्साहित गर्ने किसिमका कार्यक्रम उत्पादनको क्षमता अभिवृद्धि गर्न सहयोग प्रदान गरेको छ।

५०. अन्मिनले अन्य प्रचार प्रसार सामग्रीहरू समेत प्रकाशित गरी मुलुकभरि वितरण गरेको छ। यस्ता सामग्रीहरूमा मैले सुरक्षा परिषद् समक्ष १८ अक्टोबर २००७ (२०६४ कात्तिक १) मा प्रस्तुत गरेको प्रतिवेदनको दुई वटा भाषाका संस्करण, मिसन समाचारपत्र (*अन्मिनपत्र*) को तीन वटा अङ्क तथा अन्मिन र राष्ट्रसंघीय निकायहरूको कामका विविध पक्षका बारेमा जानकारी दिने केही विवरणिकाहरू छन्।

५१. सार्वजनिक सूचना तथा सम्पर्क कार्यालयका कर्मचारीले नेपालस्थित राष्ट्रसंघीय टोलीका सञ्चार निकायहरूसित सहकार्य कायम राखेका छन्। यस प्रतिवेदन अवधिमा अन्मिन र राष्ट्रसंघीय जनसङ्ख्या कोषको संयुक्त आयोजनामा सुरक्षा परिषद्को प्रस्ताव १३२५ (२०००) का बारेमा आम जनसमुदायलाई जानकारी दिने उद्देश्यले तयार गरिएको नाटकलाई ३० ठाउँमा प्रस्तुत गरिएको थियो। यो नाटक मुलुकभरिका अगुवा र निर्णयकर्ताहरूप्रति पनि लक्षित छ। यस नाटकले क्षेत्रीय तथा राष्ट्रिय सञ्चार माध्यमसँग कार्य गर्ने अवसर दियो। यसले शान्ति प्रक्रियाको सबै पक्षमा महिलालाई समावेश गर्नुपर्ने कुरालाई प्रवर्धन गरेको छ।

## ज. सुरक्षा

५२. कर्मचारीहरूका लागि सुरक्षा स्थिति पहिला जस्तै रहेको भए तापनि समग्र सुरक्षाको वातावरण भने झनै अनिश्चित बनेको छ। मुलुकभर नै आन्तरिक तनावको स्थिति यतावत रह्यो र विभिन्न समूहहरूले निरन्तर विरोध कार्क्रमहरू जारी राखे। संविधानसभा निर्वाचन दोस्रो पटक स्थगित भए पछि उत्पन्न भएको तनावले समस्याग्रस्त शान्ति सुरक्षाको स्थितिलाई झनै बिगार्‍यो। सीमान्तीकृत समूहहरूमा रहेको वितृष्णा, सशस्त्र समूहहरूका क्रियाकलाप तथा साम्प्रदायिक हिंसाले तराईको सुरक्षा स्थितिलाई



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङग्रेजी र नेपाली पाठमा
कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL)

झनै अस्थिर बनाएको छ। सेप्टेम्बर अन्त्य (असोज मध्य) मा कपिलवस्तु जिल्लाका केही भागमा भड्केको हिंसा तथा तराईमा देखिएको हतियारधारी तथा आपराधिक समूहको बढ्दो चलखेलले शान्तिसुरक्षाको स्थिति कमजोर रहेको कुराको सङ्केत गरेको छ। खास गरी मध्य र पूर्वी तराईमा जनताले कानुन आफ्नो हातमा लिएको समाचार पनि बढेको छ। इन्धनको अभावका कारण पनि पटक पटक यस्ता घटना भएका छन्।

५३. संयुक्त राष्ट्रसंघका कर्मचारीहरूको सुरक्षामा प्रत्यक्ष रूपमा केही नभए पनि दुर्व्यवहार, धम्की, कुटपिट र कर्मचारीको आवासमा चोरी जस्ता घटना भएको जानकारीमा आएको छ। अन्मिनको सुरक्षा शाखाले नेपालस्थित राष्ट्रसंघीय सुरक्षा विभागसित मिलेर कर्मचारीहरूको सुरक्षा व्यवस्था मजबुत बनाइरहेको छ।

## उ. मिसनको सहयोग संयन्त्र

५४. मिसनका कामकारवाहीको सञ्चालनका लागि, आवश्यक प्रशासनिक र बन्दोबस्तीका संयन्त्रहरूले पूर्णता पाइसकेका छन् र कार्यदक्षता अभिवृद्धि गर्न एवम् उपलब्धिलाई समेट्नका लागि आफ्ना कार्यहरूलाई नयाँ दिशा प्रदान गरिरहेका छन्। काठमाडौंमा रहेको अन्मिनको मुख्यालयमा स्थानको अभावलाई ध्यान दिँदै स्थानीय रूपमा नै बनाइएका कन्टेनरहरू (पूर्वजडित कोठाहरू) थपिएका छन्। अन्मिनका पाँच वटा क्षेत्रीय कार्यालयका लागि आवश्यक पूर्वाधार तयार भएपछि प्रशासनिक र बन्दोबस्तीसम्बन्धी निकाय नियमित मर्मतसम्भार र सेवामा केन्द्रित रहेको छ।

५५. पाँचै क्षेत्रमा उपचार केन्द्रहरू पनि सञ्चालनमा आइसकेका छन्। नोभेम्बर महिनामा बैंककको लेभल ४ अस्पतालबाट यसको मूल्याङ्कनको काम सम्पन्न भयो भने अन्मिनका कर्मचारीहरूलाई औषधोपचार दिनका लागि एउटा अस्पतालसितको करार विचाराधीन छ। अन्मिनका एच्आईभी/एड्स सल्लाहकारले सबै क्षेत्रीय कार्यालयमा तालिम तथा कार्यशाला गोष्ठी सञ्चालन गर्नुका साथै अन्मिनका सबै सेवा प्रवेश तालिममा एच्आईभी/एड्ससम्बन्धी मापदण्ड विकास गरिसकेका छन्। यसका साथै एच्आईभी/एड्ससम्बन्धमा मिसनका काम तथा नेपालस्थित राष्ट्रसंघीय टोलीका कामबीच सामन्जस्य होस् भन्ने उद्देश्यले दुवै निकाय मिलेर काम गर्छन्।

५६. अन्मिनको कार्यदिशमा विस्तार र निर्वाचनको नयाँ मिति घोषणा भएपछि मिसनको निर्वाचन क्रियाकलापसम्बन्धी संरचनालाई पुनः सक्रिय बन्न सक्ने गरी चालु राख्नु एउटा चुनौती बनेको छ।



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङ्ग्रेजी र नेपाली पाठमा कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL)

## ऊ. मानवअधिकार

५७. डिसेम्बर (मङ्सिर) मा प्रकाशित आफ्नो प्रतिवेदनमा मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयले उल्लेख गरे अनुसार राजनीतिक विषयले प्राथमिकता पाउनाले र मानवअधिकारका विषयलाई दोस्रो स्थानमा राखिनाले मानवअधिकारको अवस्था खस्किँदै गएको छ। परिणामतः सामाजिक विभाजनको खतरा बढ्दो छ, जसबाट भविष्यमा पनि हिंसा बढ्न सक्छ। प्रतिवेदनका अनुसार, नोभेम्बर २००६ (२०६३ मङ्सिर) मा विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भए यता बाँच्न पाउने अधिकारको स्थिति झनै खस्कँदै गएको छ। जनवरी (२०६३ पुस) र अक्टोबर (२०६४ कात्तिक) बीचमा १३० जना मारिएका छन्। तीमध्ये २९ जना प्रहरीबाट मारिएका छन् र तीमध्ये पनि अधिकांशको मृत्यु अत्यधिक बल प्रयोगका कारण भएको देखिन्छ। मे (२०६४ वैशाख/जेठ) महिना यता विभिन्न सशस्त्र समूहले ६० जना भन्दा बढी मानिस मारेका छन्। मारिएका १३० जनामध्ये ४५ जना नेकपा (माओवादी) का कार्यकर्ता थिए। मारिएका अन्य व्यक्तिहरूमा स्थानीय सरकारी अधिकारी, शिक्षक र १८ वर्ष मुनिका धेरै युवाहरू छन्।

५८. उक्त प्रतिवेदन खास गरी जनसाधारणको अधिकारको रक्षा गर्न तथा उनीहरूलाई सुरक्षा प्रदान गर्नमा देखिएको लाचारीपन एवम् मानवअधिकार उलङ्घन तथा दुर्व्यवहारका विगत र अहिलेका निरन्तरका घटनामा दण्डहीनतालाई समाप्त पार्न राजनीतिक इच्छाशक्ति नदेखिएको विषयमा केन्द्रित भएको छ र यसमा सीमान्तीकरण तथा विभेदको अन्त्य एवम् आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको संरक्षणका लागि विस्तृत दृष्टिकोण तयार गरिनुपर्ने आवश्यकता औंल्याइएको छ। विभेदको घटना भएका अवस्थामा दलितहरूलाई न्यायसम्म पहुँच नदिइएको, उनीहरूलाई स्रोत साधनबाट विमुख गराइएको र उनीहरू विरुद्ध हिंसा र बलात्कार जस्ता घटना निरन्तर भइरहेका कुरा प्रकाशमा आइरहेका छन्।

५९. नोभेम्बर (मङ्सिर) मा हुने भनिएको निर्वाचन स्थगित भएपछि जारी राजनीतिक गतिरोध तथा राजनीतिक अडानको परिप्रेक्ष्यमा मानवअधिकार हनन निरन्तर जारी छ। नेकपा (माओवादी) द्वारा भएका ज्यादती, विशेष गरी अपहरणका घटना अक्टोबरमा बढेका छन्। नोभेम्बरको सुरुताका पत्रकार वीरेन्द्र साहको हत्या र चिकित्सकहरूको एउटा समूहलाई अपहरण गरी गम्भीर रूपमा कुटपिट गरेको घटनापछि नेकपा (माओवादी) को नेतृत्वले आफ्ना कार्यकर्ताहरूलाई अपहरण नगर्न निर्देशन दिइसकेको जनाएको छ। निर्देशन दिइए तापनि अपहरणका घटना निरन्तर नै छन् र विस्तृत शान्ति सम्झौता अघिको अवस्थामा झैं जबरजस्ती चन्दा असुलीका घटना पनि बढेका छन्।

६०. नेकपा (माओवादी) तथा विभिन्न सशस्त्र समूहद्वारा गरिएका अपहरणका कारण अन्तरिम विधायिका-संसद्ले कानुनको संशोधन गरेर अपहरणलाई अपराध घोषणा गरेको



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङ्ग्रेजी र नेपाली पाठमा
कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL)

छ। त्यसै समयमा जबरजस्ती बेपत्ता पार्ने कामलाई अपराध घोषणा गर्नका लागि मस्यौदा विधेयक (सुरुमा यसलाई मुलुकी ऐन संशोधनमा समावेश गर्न खोजिए पनि पछि गरिएन) तथा बेपत्ता पारिएकाहरूको छानबिनका लागि आयोग गठन गरिने घोषणा गरियो। विशेषतः तराई र अन्यत्र पनि निरन्तर भइरहेको मानवअधिकार हनन तथा हिंसाका आपराधिक घटनामा दण्डहीनतालाई समाप्त पार्नका लागि कुनै कदम चालिएको सङ्केत पाइएको छैन। अभियुक्तलाई छोड्नका लागि प्रहरीलाई राजनीतिक दवाब दिइँदा तथा राज्य संयन्त्रले कसैलाई पनि कारवाही गर्न नसक्दा अपराध, कानुनहीनताको अवस्था र असुरक्षाको स्थितिमा बल नै पुगेको छ ।

६१. तराईमा सुरक्षा बढाउनका लागि सशस्त्र प्रहरी बल र नेपाल प्रहरीबीच समन्वय गरी विशेष कार्यदलको गठन भए लगत्तै राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयले अपनाइने विधिहरूको वैधानिकताको परीक्षणका लागि कार्य दलले गरेका पक्राउ र गिरफ्तारीको अनुगमन कार्य थालेको छ। विशेष कार्य दलको गठन अगाडि नै पक्राउ प्रक्रिया कानुनसम्मत नभएको तथा तथा प्रहरी थुनामा यातना तथा मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयले दुर्व्यवहारका निकै आरोपहरूको अभिलेख राखेको परिप्रेक्ष्यमा सुरक्षा कारवाहीका क्रममा मानवअधिकारका सबै सिद्धान्तहरूको सम्मान गरिएको छैन भन्ने आशङ्का गरिएको छ।

६२. प्रतिवेदनको अवधिमा, २५ नोभेम्बर (२०६४ मङ्सिर ९) मा सुरु भएको लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियानका क्रममा बालिका तथा महिला विरुद्ध हुने यौनजन्य हिंसाको मुद्दामा विशेष ध्यानाकर्षण गराइएको थियो। त्यस क्रममा बलात्कारका घटनामा चुप लागेर नबस्ने, त्यस्ता घटनामा पीडितलाई सहयोग गर्ने संयन्त्र तथा न्यायसम्म पहुँच बढाउने र जबरजस्तीकरणीमा ३५ दिनभित्रै जाहेरी दरखास्त दिनुपर्ने हदम्याद जस्ता मुद्दालाई विशेष रूपमा उठाइएको थियो।

## ए. नेपालस्थित राष्ट्रसंघीय टोलीसँगको समन्वय

६३. शान्ति सम्बर्धनमा सहयोग, मानवीय सहायता तथा विकास सहयोग कार्य एक अर्कामा परिपुरक बनाउनका लागि एकीकृत दृष्टिकोणको विकास गर्न अन्मिन र नेपालस्थित राष्ट्रसंघीय टोलीले नजिक रहेर काम गरेका छन्। यसमा शान्ति प्रक्रियाको सुदृढीकरण र सहयोग गर्न तर्जुमा गरिएका अन्मिन/नेपालस्थित राष्ट्रसंघीय टोली रणनीतिक फ्रेमवर्क २००७, मानवीय अपिल २००८, राष्ट्रसंघीय विकास सहायता फ्रेमवर्क २००८-१० समावेश छन्। समग्रमा नेपालस्थित राष्ट्रसंघीय टोलीले सन् २००७ मा ११ करोड ५० लाख अमेरिकी डलर बराबरको कार्यक्रम लागु गरेको थियो (सन् २००६ मा १० करोड ५० लाख अमेरिकी डलर बराबरको कार्यक्रम लागु भएको थियो) र सन् २००८ का लागि १५ करोड अमेरिकी डलर बराबरको कार्यक्रम



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङ्ग्रेजी र नेपाली पाठमा कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL)

लागु गर्ने योजना प्रस्तुत गरेको छ।

६४. माओवादी शिविरको व्यवस्थापन गर्न, सशस्त्र समूहमा आबद्ध मानिसहरूलाई नागरिक जीवनमा फर्काउन, निर्वाचन सम्पन्न गर्न, शान्तिसुरक्षा कायम गर्न, आन्तरिक रूपमा विस्थापितहरूसँगै द्वन्द्वका पीडितहरूलाई सहायता सहितका शान्ति प्रक्रियामा सहयोग कार्यक्रम सञ्चालन गर्ने २० करोड अमेरिकी डलरभन्दा बढीको कार्यक्रमले अझसम्म पनि सरकारको प्राथमिकता पाएको छैन। हालै मन्त्रिपरिषद्ले सामाजिक समावेशीकरणलाई विशेष प्राथमिकता दिँदै गरीबी न्यूनीकरण गर्ने तीन वर्षीय पुनःनिर्माण तथा विकास योजना पारित गरेको छ। सङ्क्रमणकालीन विकास संरचना तयार गर्न र शान्तिबाट अधिकतम लाभ लिनका लागि कार्ययोजना बनाउन दातृ समुदायले सरकारसँग मिलेर काम गर्दैछ। यी दुवैका मुख्य तत्त्वहरू चाहिँ राष्ट्रसंघीय विकास सहायता फ्रेमवर्कका प्राथमिकताका चार क्षेत्रसँग सम्बन्धित छन् (शान्ति सुदृढीकरण, आधारभूत सेवामा सुधार, जीविकाका लागि राम्रा अवसरहरू उपलब्धता र मानवअधिकार, लैङ्गिक तथा सामाजिक समावेशीकरण)।

६५. अन्मिनलाई सहयोग गर्न तथा कार्यदिशबाट निर्देशित यसका दायित्व पुरा गर्ने काममा परिपूरक बन्नका लागि नेपालमा कार्यरत राष्ट्रसंघीय एजेन्सी, कोष र कार्यक्रम (युएनडीपी, युएनएफपीए, राष्ट्रसंघीय महिला विकार कोष (युनीफेम), राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय, युनिसेफ, सचिवालयको मानवीय मामिलासम्बन्धी समन्वयकर्ताको कार्यालय, विश्व खाद्य कार्यक्रम, राष्ट्रसंघीय खाद्य तथा कृषि सङ्गठन, अन्तर्राष्ट्रिय श्रम सङ्गठन र राष्ट्रसंघीय शरणार्थीको लागि उच्चायुक्तको कार्यालय) ले शान्ति सहयोगका विषयलाई सकारात्मक रूपमा लिएका छन्। यस अन्तर्गत, द्वन्द्व पश्चात् संविधान निर्माण, निर्वाचनका लागि दीर्घकालीन क्षमता अभिवृद्धि, माओवादी लडाकूहरूको दर्ता तथा उमेर/अवस्था प्रमाणीकरण, प्रमाणीकरण हुन नसकेकाहरूलाई समाजमा पुनर्स्थापना जस्ता काम पर्दछन्। संयोजनका मामिलामा भने अन्मिनको नेतृत्वमा राष्ट्रसंघीय संयोजन सेलको गठन पनि भइसकेको छ। यसका अतिरिक्त माओवादी शिविरमा सवास्थ्य सेवा पुऱ्याउने काम निरन्तर छ। सुरक्षा परिषद् प्रस्ताव १३२५ (२०००) अनुसार, द्वन्द्वपछिको परिवर्तित परिस्थितिमा महिलाहरूको सहभागिता सुनिश्चित गर्न तथा उनीहरूको सुरक्षा एवम् लैङ्गिक आधारमा हुने हिंसाबाट महिला तथा बालिकाहरूको रक्षाका लागि एवम् अझै राम्रो लैङ्गिक अवधारणाका लागि मानवीय मामिलाका साझेदारहरूलाई एकीकृत गर्नका लागि तय गरिएका कार्यक्रमहरूमा राष्ट्रसंघले सहयोग गरिरहेको छ। अत्यधिक सङ्ख्यामा रहेका घरेलु विस्फोटक पदार्थ तथा उपकरणका कारण उत्पन्न खतरालाई सम्बोधन गर्नका लागि परियोजनाहरूको कार्यान्वयन भइरहेको छ। अन्तर्राष्ट्रिय अभ्यास अनुरूप घरेलु विस्फोटक पदार्थ तथा उपकरणलाई तह लगाउनका लागि सरकारलाई सहयोग प्रदान गरिएको छ। अत्यावश्यक संरचनाहरूको पुनर्निर्माणका लागि, अनौपचारिक शिक्षा प्रदान गर्न, खाद्य



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङ्ग्रेजी र नेपाली पाठमा
कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL)

असुरक्षा भागिरहेका तथा द्वन्द्व पीडित समुदायलाई आफ्नो ठाँउमा फर्कन र समायोजन गर्नका लागि सामुदायिक सम्पत्ति विकास गर्न कामका लागि खाद्यान्न कार्यक्रमका गतिविधि सञ्चालित छन्। विकास योजनालाई सहयोग गर्नका लागि द्वन्द्वपीडित जिल्लाबाट प्राप्त सूचनाहरूको विश्लेषणको काम जारी छ। मेलमिलापलाई बढावा दिन तथा शान्ति प्रक्रियामा भाग लिने सामुदायिक सञ्जाललाई पनि राष्ट्रसंघले सहयोग पुऱ्याइरहेको छ।

६६. शान्ति प्रक्रियासँग सम्बन्धित विभिन्न कार्यक्रमहरूमा नेपाल सरकारको शान्ति कोष र नेपालका लागि राष्ट्रसंघीय शान्ति कोष मार्फत लगानी गरिएको छ। सो कोषको सञ्चालनका लागि नेपाल सरकारको नेतृत्वमा मेरा विशेष प्रतिनिधि, आवासीय प्रतिनिधि र केही मुख्य दाताहरू सहितको एउटा साझा संयन्त्रको व्यवस्था गरिएको छ। नेपाल शान्ति कोषले पाँच दाताबाट झण्डै २ करोड ३५ लाख अमेरिकी डलर प्राप्त गरिसकेको छ। यिनै दाताहरूले संयुक्त राष्ट्रसंघको शान्ति कोषमा समेत ४५ लाख अमेरिकी डलर उपलब्ध गराएका छन्। यी दुवै कोषको स्थापना तथा आन्तरिक रूपमा विस्थापितका लागि विनियोजित बजेटको पारदर्शी तथा प्रभावकारी प्रयोगका लागि सरकारलाई सहयोग गर्ने काम संयुक्त राष्ट्रसंघले गरिरहेको छ। नेपाल शान्ति कोषको संक्षिप्त पुनरावलोकन कार्य अक्टोबर २००७ (२०६४ असोज/कात्तिक) मा सकियो र उक्त पुनरावोलकनले सचिवालयलाई अझै प्रभावकारी बनाउनुपर्ने, सञ्चालन संयन्त्रमा माओवादीलाई समावेश गर्ने र स्पष्ट प्राथमिकता तथा भरपर्दो अनुगमन संयन्त्र विकास गर्न सुझाव दिएको छ। मैले नेपाल संयुक्त राष्ट्रसंघको शान्ति सम्बर्धन कोषको सहयोगका लागि योग्य भएको घोषणा गरिसकेको छु, जसबाट चुनौतीपूर्ण शान्ति सहयोगको काममा अझै बढी सहयोग परिचालित गर्ने अवसर प्रदान हुन्छ।

६७. स्थानीय तह तथा जिल्लाहरूमा सरकारका प्रतिनिधिहरूको अनुपस्थिति, स्थानीय द्वन्द्वको सुरुआत एवम् आपराधिक गतिविधिमा बढोत्तरीका कारण मुलुकका धेरै स्थानहरूमा कार्यक्रमको कार्यान्वयनमा चुनौतीहरू आइपरेका छन्। अन्मिन लगायत नेपालमा कार्यरत राष्ट्रसंघीय टोली तथा दाताहरूले सरकारसँग मिलेर तराईमा विकासका गतिविधिहरू विस्तार गर्ने प्रयास गरेका छन् र विकासका काममा भेदभाव नगर्ने कार्ययोजनालाई जोड दिने कार्यान्वयन सिद्धान्तहरूप्रति प्रतिबद्धता जनाएका छन्।

## ऐ. अवलोकन

६८. परिषद् समक्ष प्रस्तुत मेरो पछिल्लो प्रतिवेदनमा मैले विस्तृत शान्ति सम्झौताका पक्षहरूले शान्ति प्रक्रियामा देखिएका कमीकमजोरी तथा आपसी विश्वासलाई नै सङ्कटमा पार्ने खालका आफ्ना मतभिन्नताहरूका बारेमा गम्भीर विश्लेषण गर्नुपर्ने आवश्यकता औंल्याएको थिएँ। सातदलीय गठबन्धन त्यही दिशातर्फ सार्थक ढङ्गले



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङ्ग्रेजी र नेपाली पाठमा कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL)

अगाडि बढिरहेको कुरा यहाँ उत्साहजनक रूपले उल्लेख गरिनुपर्छ। सातदलीय गठबन्धनको एकता कायम राख्दै र सम्झौताहरूको कार्यान्वयनमा देखिएका असफलताको पुनरावोलकन गर्दै पहिले भएका सहमतिहरूको अनुगमन गरिनुपर्ने कुरामा साझा समझदारी देखिएका छन्। यो समग्र प्रक्रिया शान्ति प्रक्रियाको अभिन्न अङ्ग हुनुपर्छ अनि शान्ति प्रक्रियाको संरचनालाई अझ सुदृढ गर्न र यसको विश्वासनीयता एवम् गतिलाई कायम राख्न पनि यसलाई एउटा संयन्त्रकै रूपमा विकास गरिनुपर्छ।

६९. परम्परागत रूपमा सीमान्तीकृत समूहहरूका जायज र न्यायसङ्गत मागहरूलाई उचित रूपमा सम्बोधन गरिनु अझै पनि पहिले जसरी नै अत्यावश्यक छ। संविधानसभा निर्वाचन र शान्ति प्रक्रिया दुवैको लक्ष्य समावेशी ढङ्गले सबै नेपालीहरूको प्रतिनिधित्व हुने लोकतान्त्रिक संस्कार र संस्थाहरूलाई उच्चतम् बिन्दुमा पुऱ्याउनु नै हो ।

७०. यी लोकतान्त्रिक संस्कारहरू, अहिंसा, राजनीतिक बहुलवाद एवम् मानवअधिकारको सम्मानमा राज्य र मुख्य राजनीतिक पात्रहरूले देखाएको प्रतिबद्धतामा निर्भर हुन्छन्। नेपालले आशा गरे अनुसारको पूर्ण लोकतन्त्र र रूपान्तरण लागि हिंसा तथा गैरकानुनी उपाय, डर, धाक, धम्की र जबरजस्ती चन्दा असुली, राजनीतिक र मौलिक हकहरूको हनन, असमावेशी चरित्र र विभेद जस्ता व्यवहारहरू अनुकूल हुँदैनन्।

७१. स्थानीय तहमा सरकारको प्रभावकारी उपस्थिति हुनु अत्यन्त महत्त्वपूर्ण छ। निर्वाचनका लागि आवश्यक शान्तिसुरक्षाको निर्माण विशेष गरी प्रमुख दलहरूको राजनीतिक इच्छा एवम् सहयोगमा भर पर्छ भने प्रतिष्पर्धात्मक निर्वाचनका बेला सरकारले नागरिकहरूलाई प्रभावकारी सुरक्षा दिन सकेन भने मतदानप्रतिको विश्वसनीयता र निष्पक्षतामा नै प्रश्न उठ्नसक्छ। केन्द्र तथा तल्लो तहमा शान्तिसुरक्षा कायम गर्नका लागि आवश्यक पहल गर्न देशका सुरक्षा निकायहरूले राजनीतिक दलहरूसँग अनुरोध गरिसकेका छन्। अन्तरिम सरकार र सातदलीय गठबन्धनले शान्ति सुरक्षाको मुद्दालाई ठूलो प्राथमिकता दिनैपर्छ।

## अन्मिनको भविष्य

७२. मैले अपेक्षा गरे अनुरूप, अन्मिनलाई सीमित अवधिको र निश्चित उद्देश्यमा केन्द्रित मिसनको रूप दिँदै सुरक्षा परिषद्ले नेपाल सरकारको अनुरोधमा अन्मिनको १२ महिनाको कार्यादेश समाप्त गर्न वा थप गर्न सकिने आशय आफ्नो प्रस्ताव नं १७४० (२००७) मा स्पष्ट पारेको थियो। राष्ट्रसंघका लागि नेपालका स्थायी प्रतिनिधिले १८ डिसेम्बर २००७ (२०६४ पुस ३) मा अन्मिनको कार्यादेश ६ महिना थप गर्ने अनुरोध गर्दै मलाई पत्र लेख्नुभयो। सातदलीय गठबन्धनको आपसी सरसल्लाहपछि गरिएको मन्त्रिपरिषद्को यससम्बन्धी निर्णयमा त्यति बेला अन्तरिम सरकारबाट बाहिरिएका र



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङ्ग्रेजी र नेपाली पाठमा
कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL)

अहिले फेरि सामेल भएका माओवादीहरू सहित सबै दलहरूको सहमति देखिन्छ।

७३. शान्ति प्रक्रियाका कमजोरीहरू स्पष्ट रूपमा बाहिर आइसकेको अवस्थामा यसको समग्र व्यवस्थापनमा पर्याप्त सहयोग गर्ने अन्मिनको क्षमतामा सीमित कार्यादिशका कारण असर परेको कुरा मैले आफ्नो पछिल्लो प्रतिवेदनमा उल्लेख गरेको थिएँ। तर अन्मिनको कार्यादेश विस्तारका लागि नेपाल सरकारका तर्फबाट कुनै अनुरोध गरिएको छैन। मेरा विशेष प्रतिनिधिले सरकार एवम् सात दललाई अन्मिनको वर्तमान कार्यादिशभित्र रही शान्ति प्रक्रियामा बृहत्तर सहयोग प्रदान गर्न अन्मिन तत्पर रहेको कुराको जानकारी गराएर यस सम्बन्धमा केही निश्चित सुझाव समेत दिनु भएको छ। अन्मिनको समग्र क्षमताको प्रभावकारी उपयोग दलहरूको निर्णयमा भर पर्ने कुरा हो।

७४. शान्ति प्रक्रियाको कार्यान्वयन हेर्ने एउटा प्रभावकारी राष्ट्रिय अनुगमन संयन्त्र नभएको सन्दर्भमा र मुख्य पक्षहरूबीचको राजनीतिक मतभिन्नताहरूका कारण विश्वासिलो संविधानसभा निर्वाचन गर्नमा फेरि पनि व्यवधान आउन सक्ने अवस्थामा अन्मिनको उपस्थिति उल्लेखनीय रूपमा घटाउनुपर्ने सम्भावनातर्फ पनि मैले ध्यान दिएको छु। यसको अर्थ हातहतियारको अनुगमन कार्यलाई यथावत राखी नागरिक मामिला सम्बद्ध अधिकारीहरू फिर्ता बोलाउने र निर्वाचनका सल्लाहकारहरू पनि चाहिएको अवस्थामा र निर्वाचन हुने निश्चित भएपछि मात्र जिल्ला तथा क्षेत्रहरूमा मात्रै खटाउने हुन्छ। तर परिषद् समक्ष यी सबै सिफारिस गर्न मलाई अप्ठ्यारो अनुभव भइरहेको छ। एउटा स्वतन्त्र एवम् निष्पक्ष निर्वाचनका लागि उचित वातावरण सिर्जना गर्न नेपालका विभिन्न क्षेत्र र जिल्लाहरूमा अन्तर्राष्ट्रिय अधिकारीहरू खटाउने कामलाई अहम् आवश्यकताका रूपमा लिइएको छ। यस्तो वातावरण निर्वाचन प्रक्रियाको अन्त्यमा मात्र चाहिने नभएर चैतमा सफल निर्वाचन सम्पन्न गर्नका लागि अहिलेदेखि नै तत्परताका साथ त्यस्तो वातावरण तयार पार्नु जरूरी भइसकेको छ। अन्मिनको उपस्थिति कम गरिसकेपछि फेरि कर्मचारीहरू खटाउने काम चाँडै गर्न सकिएन भने सहमति अनुसारको नयाँ मितिमा सफल निर्वाचन सम्पन्न गर्न अप्ठ्यारो हुन्छ । त्यसमाथि मेरा विशेष प्रतिनिधिसँगको छलफलका क्रममा कुनै पनि पक्षले अन्मिनको उपस्थिति कम गर्ने अनुरोध गरेका छैनन्।

७५. त्यसैले म मिसनका कर्मचारी एवम् वर्तमान व्यवस्थालाई यथावत राखी अर्को छ महिनाको लागि अन्मिनको कार्यादिश थप गर्न सिफारिस गर्छु। यसका लागि अहिलेसम्म उपलब्ध गराइएको प्राविधिक सहयोग र अहिलेसम्मका अनुभवका आधारमा केही सानातिना कुराहरू मिलाउन र निर्वाचन सम्बद्ध कर्मचारीहरूको सङ्ख्या केही घटाउन भने आवश्यक हुनसक्छ।

७६. समग्रमा, नेपाललाई दिइएको निरन्तर सहयोगका लागि म सुरक्षा परिषद् एवम् यसका सदस्य राष्ट्रहरूप्रति आभार प्रकट गर्न चाहन्छु। साथै, म मेरा विशेष प्रतिनिधि



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङ्ग्रेजी र नेपाली पाठमा कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL)

एवम् उहाँका कर्मचारी तथा सहयोगी संघ संस्था लगायत सबैलाई उहाँहरूको अथक प्रयासका लागि धन्यवाद दिन चाहन्छु।

---



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङग्रेजी र नेपाली पाठमा कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL)